## छानाको प्रकारको आधारमा घरधुरी संख्या

यस गाउँपालिकामा मुख्यगरि आवास प्रयोजनका लागि तयार गरिएको घरहरूमा खरले छाएको घरको संख्या तुलनात्मक रूपमा बढि देखिन्छ । यसका साथै गाउँपालिका अर्न्तगतका विभिन्न वडाहरूमा आवासका लागि टिनको छानाको प्रयोग गर्ने घरधुरीहरू पछिल्लो समयमा बढ्दै गएको पाईन्छ । अन्य घरहरू परम्परामा आधारित काठ, ढुङ्गा, माटोको छाना भएको तथा सामान्य मात्रामा आर.सि.सि.ढलान भएको पाइएका छन्‌जसको विस्तृत विवरण तलको तालिकामा उल्लेख छ ।

तालिका३१: **छानाको प्रकारको आधारमा घरधुरी विवरण**

| वडा न. | घरधुरी | घरको छानाको र संख्या | | | | | | | उल्लेख नभएका | साविक गा.वि.स.हरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खरले छाएको | जस्ता पाताले | टायल तथा ढुंगाले | आर.सि.सि | काठले छाएको | माटोले छाएको | अन्य | | |
| १ र २ | ९५४ | ७५७ | १२५ | ३२ | ११ | २ | २० | ० | ७ | हरिहरपुर |
| ३ र ४ | १००५ | ९४८ | ९ | ३४ | ८ | २ | ० | ० | ४ | तरंगा |
| ५ र ८ | १६४० | ११०२ | ४५१ | ५२ | १६ | १० | ४ | २ | ३ | कुनाथरी |
| ६ र ७ | ८६० | ७२० | १०६ | ११ | ४ | ६ | ४ | १ | ८ | पोखरीकांडा |
| ९ र १० | ९८९ | ७३३ | १७८ | १० | ३ | १ | ५३ | ० | ११ | लेखगाउं |
| **जम्मा** | **५४४८** | **४२६०** | **८६९** | **१३९** | **४२** | **२१** | **८१** | | **३३** | |

स्रोत : राष्टिय जनगणना २०६८

## स्वामित्वका आधारमा घरधुरी संख्या

यस गाउँपालिकाका घरहरूलाई घरको स्वामित्वको आधारमा वर्गिकरण गर्दा जम्मा ५३३३ (९७%) घरपरिवारले आफ्नै घरमा बसोबास गरेको, ७५ घरपरिवार भाडामा, ३ घरपरिवार संस्थागत घरमा बसेको पाइयो । सो सम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका३२: घरको स्वामित्वको विवरण

| वडाहरू | जम्मा | घरको स्वामित्व | | | | |
|---|---|---|---|---|---|---|
| | | आफ्नै घर | भाडाको घर | संस्थागत | अन्य | उल्लेख नभएको |
| १ र २ | ९५४ | ९२२ | १९ | १ | १० | २ |
| ३ र ४ | १,००५ | ९९६ | ४ | ० | ५ | १ |
| ५ र ८ | १,६४० | १,५८९ | ३९ | २ | १० | ० |
| ६ र ७ | ८६० | ८५० | २ | ० | ८ | ० |
| ९ र १० | ९८९ | ९७६ | ११ | ० | २ | ० |
| जम्मा | ५,४४८ | ५,३३३ | ७५ | ३ | ३५ | ३ |

स्रोत : राष्ट्रिय जनगणना २०६८

## खानेपानीको श्रोतको आधारमा घरधुरी संख्या

नेपाल आफैमा जलस्रोतले एक धनि देश हो तर जनसंख्याको तीव्र वृद्धि र भौगोलिक असमानता र विकटताका कारण नेपालमा कैयन नेपाली नागरिकहरूले स्वच्छ खानेपानी पिउन बाट बञ्चित भइरहेका छन् । यस गाउँपालिका अन्तर्गतका विभिन्न वडाहरूको विश्लेषण गर्दा धारा वा पाइपबाट खानेपानीको प्रयोग गर्ने घरधुरी संख्या २१८६ रहेको पाइएको छ । साथै यस गाउँपालिकामा खोला, मुलधारा, नदी बाट पनि खानेपानीको प्रयोग गर्ने हरूको संख्या ७६८ रहेको छ । साथै ईनार जरूवा र कुवाको पानी प्रयोग गर्ने घरहरूको संख्या १२७ रहेको छ । सो सम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका३३: खानेपानीको श्रोतको आधारमा घरधुरी विवरण

| वडा नं | गाउको नाम | जम्मा घर धुरी | खानेपानीको मुख्य स्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | धारा/ पाईप | ट्युबवेल/हातेपम्प | ढाकिएको इनार/ कुवा | खुला इनार/ कुवा | लिफ्ट,पोखरी | मुलधारा | अन्य | अनुत्तरीत |
| १ , २ | हरिहरपुर | ९५४ | २१९ | ० | ३३ | १३४ | २४२ | ३२१ | ० | ५ |
| ३ , ४ | तरंगा | १००५ | १६१ | ६६ | ५७ | २७९ | १५२ | २८८ | ० | २ |
| ५ , ८ | कुनाथरी | १६४० | १०३६ | ० | २३ | १२८ | ३८० | ७२ | ० | १ |
| ६ ,७ | पोखरीकाँडा | ८६० | ४३५ | ० | ४ | ८७ | ३०५ | २२ | ० | ७ |
| ६ , ७ | लेखगाउँ | ९८९ | ३३५ | १ | १० | ११६ | ४५२ | ६५ | ० | १० |
| | जम्मा | ५,४४८ | २,१८६ | ६७ | १२७ | ७४४ | | ७६८ | ० | २५ |

स्रोत : राष्टिय जनगणना २०६८

## इन्धनको प्रयोगका आधारमा घरपरिवारको अवस्था

यस बराहताल गाउँपालिकाको इन्धनको मुख्य स्रोत भनेकै काठ दाउरा रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाका कुल ५४४८ घर मध्य ५३८३ (करिव ९९ प्रतिशत ) घरले दाउरालाई प्रमुख श्रोतका रूपमा लिएको तथा नगन्य मात्रामा अन्य श्रोतहरू प्रयोग गर्ने गरेको पाइयो । यस सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका३४: इन्धनको प्रयोगको आधारमा घरधुरी विवरण :

| वडा नं | गाउँको नाम | जम्मा घरधुरी | खाना पकाउन अक्सर प्रयोग गरिने इन्धनहरू | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | काठ/ दाउरा | मट्टितेल | एल.पी. ग्यास | गुईठा/गोहरा | गोवर ग्यास | बिजुली | अन्य | अनुत्तरीत |
| १ र २ | हरिहरपुर | 954 | 944 | 0 | 0 | 1 | 3 | 0 | 0 | 6 |
| ३ र ४ | तरंगा | 1005 | 998 | 0 | 0 | 3 | 0 | 1 | 1 | 2 |
| ५ र ८ | कुनाथरी | 1640 | 1632 | 0 | 3 | 2 | 2 | 0 | 0 | 1 |
| ६ र ७ | पोखरीकाडा | 860 | 851 | 2 | 0 | 0 | 0 | 0 | 0 | 7 |
| ९ र १० | लेखगाँउ | 989 | 958 | 0 | 2 | 9 | 10 | 0 | 0 | 10 |
| **जम्मा** | | **5,448** | **5,383** | **2** | **5** | **15** | **15** | **1** | **1** | **26** |

स्रोत : राष्टिय जनगणना २०६८

## बत्तीको प्रयोगका आधारमा घरपरिवारको अवस्था

हाम्रो देश जलश्रोतको धनी देश भएता पनि यहाँका मानिसहरूले पर्याप्त मात्रामा विजुलीको प्रयोग गर्न पाइरहेका छैनन् । प्रत्येक दिन चर्को लोडसेडिङ को मार खेपिरहनु परेको छ । पर्याप्त लगानीको अभाव र दिगो तथा योजनावद्ध विकासको अभावका कारण विजुली को उत्पादन हुन सकिरहेको छैन । कैयन ग्रामीण बस्ती सदिऔं देखि अन्धकार मा बस्नु परिरहेको छ । जल विद्युतको अथाह सम्भावना र स्रोत खेर गइरहँदा पनि लगानीको अभावका कारण हाल सम्म पनि यस बराहताल गाउँपालिकाका अधिकांश वस्तीहरुमा विद्युतको पहुँच पुग्न सकेको छैन ।

यस गाउँपालिकाको बत्तीको स्रोतको आधारमा घर परिवारलाई विश्लेषण गर्ने हो भने धेरै वडामा विद्युत सेवा उपलब्ध हुन सकेको छैन । यद्यपि सौर्य उर्जा,मट्टितेल तथा लाल्टिन जस्ता उर्जाको उपयोग भने समुदायले बैकल्पिकस्रोतका रूपमा प्रयोग गरेको देखिन्छ । यस सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

तालिका३५: बत्तीको प्रयोगका आधारमा घरपरिवारको विवरण

| वडा न. | घरधुरी | बत्तीको प्रयोग अनुसार घरधुरी संख्या | | | | | उल्लेख नभएका | साविक गा.वि.स.हरू |
|---|---|---|---|---|---|---|---|---|
| | | विजुली | मट्टितेल | बायोग्यास | सोलार | अन्य | | |
| १ र २ | ९५४ | ७ | ९९ | ३ | १९४ | ६४५ | ६ | हरिहरपुर |
| ३ र ४ | १००५ | १ | १३ | ० | १७६ | ८१३ | २ | तरंगा |
| ५ र ८ | १६४० | ४ | ३ | ५ | ७६२ | ८६५ | १ | कुनाथरी |
| ६ र ७ | ८६० | ० | ९८ | ० | २४४ | ५११ | ७ | पोखरीकांडा |
| ९ र १० | ९८९ | ५१ | २७ | १० | ३०६ | ५८५ | १० | लेखगाउं |
| **जम्मा** | **५४४८** | **६३** | **२४०** | **१८** | **१६८२** | | **२६** | |

स्रोत : राष्टिय जनगणना २०६८

## उपलब्ध सेवा सुविधाहरूको आधारमा घरपरिवार विवरण

यस गाउँपालिकामा उपलब्ध सेवा सुविधाका आधारमा घर परिवारलाई विश्लेषण गर्ने हो भने कुनै पनि सुबिधा नभएका घर परिवार २५ प्रतिशत,कम्तिमा एउटा सुविधा भएका परिवार ७३ प्रतिशत रहेको देखिन्छ । यस सम्बन्धी विवरण देहाय बमोजिमको तालिकामा उल्लेख गरिएको छ ।

तालिका३६: **उपलब्ध सेवा सुविधाका आधारमा घर परिवारको विवरण :**

| बराहताल गाउँपालिकमा उपलब्ध सुविधाका आधारमा घरपरीवार संख्या | | | |
|---|---|---|---|
| क्र.स. | सेवाको विवरण | घरपरिवार | प्रतिशत |
| १ | कुनैपनि सेवा सुविधा नभएका | १३५९ | २४.९४ |
| २ | कम्तिमा एउटा सेवा सुविधा भएका | ३९९६ | ७३.३४ |
| ३ | रडियो भएका | ३३०५ | ६०.६६ |
| ४ | टि.भी. सुविधा भएका | ८९ | १.६३ |
| ५ | केवल लाईन जोडेका | ७ | ०.१२ |
| ६ | कम्प्युटर सुविधा भएका | ४ | ०.०७ |
| ७ | इन्टरनेट सुविधा भएका | १ | ०.०१ |
| ८ | टेलिफोन भएका | ४१ | ०.७५ |

| | | | |
|---|---|---|---|
| ९ | मोबाइल भएका | २५६६ | ४७.०९ |
| १० | गाडी भएका | १ | ०.०१ |
| ११ | मोटरसाईकल भएका | १९ | ०.३४ |
| १२ | साईकल भएका | २२ | ०.४० |
| १३ | अन्य साधन भएका | १ | ०.०१ |
| १४ | फ्रिज भएका | २ | ०.०३ |
| १५ | उल्लेख नभएको | ९३ | १.७० |
| | जम्मा घर परिवार | ५४४८ | |

स्रोत : राष्टिय जनगणना २०६८

## शौचालयको प्रयोगका आधारमा घरपरीवारको अवस्था

सरसफाईलाई स्वस्थ जीवनको आधरभूत अंगको रूपमा लिइएको छ । वातावरण प्रदुषणको मुख्य कारक तत्व नै जथाभावि दिशा पिसाब र फोहोरमैला गर्नु नै हो । खुला रूपमा दिसा पिसाब गर्नाले विभिन्न किसिमका महामारी रोगहरू फैलिने गरेको इतिहास हामी सामु रहेको छ । यसका लागि शौचालयको प्रयोग गर्नु अनिवार्य रहेको छ । नेपालको ग्रामीण भेगमा शौचालयको प्रयोगमा समुदायलाई बानि बसाल्नका लागि प्रारम्भिक समयमा कठिन भएता पनि पछिल्लो समयमा यसमा परिवर्तन आएको छ । स्रहशाब्दी विकास लक्ष्यको आधार तथा दिगो विकास लक्ष्यको परिकल्पना अनुरूप सन् २०१७ सम्म नेपाललाई खुला दिसामुक्त घोषणा गरि सक्नु पर्ने प्रावधान अनुसार सुर्खेत जिल्लालाई पनि खुला दिसामुक्त जिल्ला घोषणा गरि सकेको छ । साथै यस बराहताल गाउँपालिकालाई पनि खुला दिसामुक्त क्षेत्र घोषणा गरि सकिएको छ । यस बराहताल गाउँपालिकामा जम्मा ५४४८ घरधुरी मध्य अधिकांश घरहरूले शौचालय निर्माण गरि प्रयोग गरिरहेका पाइएका छन् । नेपालको जनगणना २०६८ को तथ्यांकमा शौचालय नभएको परिवार संख्या जम्मा २३६८देखिएतापनि त्यसपछि सरसफाई अभियान संचालन गरि शौचालय अनिवार्य गरिएकाले लगभग सबै घरधुरीहरूमा शौचायल रहेको छ । शौचालयको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका३७: शौचालय प्रयोगका आधारमा घरपरीवारको विवरण

| वडाहरू | गाउँको नाम | कुल परिवार | शौचालय प्रयोग नगर्ने घर | शौचालय भएका घरधुरी | | उल्लेख नभएका |
|---|---|---|---|---|---|---|
| | | | | फ्लस सहितको | फ्लस नभएको | |
| १ र २ | हरीहरपुर | ९५४ | ३६७ | ३२० | २६३ | ४ |
| ३ र ४ | तरंगाा | १००५ | ५५९ | १९० | २५४ | २ |
| ५ र ८ | कुनाथरी | १६४० | ६८९ | ५२१ | ४३० | ० |
| ६ र ७ | पोखरीकाढा | ८६० | ३३८ | ३४१ | १७४ | ७ |
| ९ र १० | लेखगाँउ | ९८९ | ४१५ | ४०२ | १६२ | १० |
| **जम्मा** | | ५४४८ | २३६८ | १७७४ | १२८३ | २३ |

स्रोत : राष्टिय जनगणना २०६८

## विवाह, सम्बन्ध विच्छेद र बसाइसराइको अवस्था

यस बराहताल गाउँपालिकामा विवाह दर्ता र सम्बन्ध विच्छेदको दर्ता पनि विरलै हुने गरेको तथ्यांक पाइएको छ । विवाह दर्ता सम्बन्धी विभिन्न खाले चेतनामूलक अभियान र प्रचारहरू गरिएता पनि यसको प्रभाव जनमानसमा पर्न सकेको देखिदैन । तरपनि हाल जिल्ला समन्वय समितिको पन्जिकरण फाँटबाट प्राप्त तथ्यांलाई विश्लेषण गर्दा विवाहदर्ताको संख्यामा केही प्रगति भएको देखिन्छ । साथै यस गाउँपालिकाबाट बाहिर बसाइ सरी जाने र बाहिरबाट यस गाउँपालिकामा आउने मानिसहरूले साविकका गा.वि.स.हरूबाट दर्ता गर्ने गरेको पाइएको छ । सम्वन्ध विच्छेदका घटनाहरू यस गाउँपालिका अन्तर्गतका कुनैपनिगा.वि.स.हरूमा उल्लेख नभएको देखिन आएको छ । सो सम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका३८: **विवाह दर्ता, सम्बन्ध विच्छेद तथा बसाइसराइ दर्ता सम्बन्धी विस्तृत विवरण**

| क्र.सं. | वडाहरू | साविकका गा.वि.स. | बसाई सराई | | | विवाह | सम्वन्ध विच्छेद | कुलजम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | आएको | गएको | जम्मा | | | |
| १ | १ र २ | हरिहरपुर | ४५ | २८ | ७३ | ६५ | ० | १३८ |
| २ | ३ र ४ | तरंगा | ३६ | ४२ | ७८ | ४० | ० | ११८ |
| ३ | ५ र ८ | कुनाथरी | ११२ | ११९ | २३१ | ७५ | ० | ३०६ |
| ४ | ६ र ७ | पोखरीकांडा | १० | १५ | २५ | ४४ | ० | ६९ |
| ५ | ९ र १० | लेखगाउं | ५१ | ६१ | ११२ | ४६ | ० | १५८ |
| | | **जम्मा :** | **२५४** | **२६५** | **५१९** | **२७०** | **०** | **७८९** |

स्रोत : जिल्ला समन्वय समिती सुर्खेत २०७३

## खाद्यान्न आत्मनिर्भरताको अवस्था

यस गाउँपालिकामा बसोवास गर्ने जम्मा घरधुरी परिवार मध्येआफ्नै उत्पादन बाट ३ महिना सम्म मात्र खान पुग्ने घरपरिवार संख्या ९३९ रहेको छ भने आफ्नो उत्पादनले बाह्रै महिना खान पुग्ने र बचत गर्ने परिवारको संख्या २६८ रहेको छ। सो सम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ

तालिका३९: खाद्यान्न आत्मार्निभरताको अवस्था

| **वडा नम्बर** | **आफ्नो उत्पादनबाट खान पुग्ने महिना अनुसार घरधुरी** | | | | |
|---|---|---|---|---|---|
| | **३ महिना भन्दा कम** | **३-६ महिना** | **६-९ महिना** | **९-१२ महिना** | **१२ महिना पुग्ने र बचत हने** |
| १ | ४७ | ९३ | १३७ | १६६ | ३७ |
| **२** | ८५ | १६२ | २४८ | १७८ | ४६ |
| ३ | ८४ | १४७ | ५१ | ५९ | १० |
| ४ | १४६ | २४९ | ७९ | ७८ | ८३ |
| ५ | १३४ | २६० | २६३ | १९९ | १२ |
| ६ | २७ | ५१ | १४० | १६० | ४६ |
| ७ | १०० | १६७ | १२३ | ९९ | ७ |
| ८ | ११५ | २२३ | २०१ | ८२ | २४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | ४३ | १२६ | १४० | १०५ | ३ |
| १० | १५८ | ११४ | १४९ | १४५ | ० |
| **जम्मा** | **९३९** | **१५९२** | **१५३१** | **१२७१** | **२६८** |

स्रोत : लक्षित समुह छलफल २०७४

## भूस्वामित्व सम्वन्धी विवरण

यस बराहताल गाउँपालिकामा रहेका अधिकांश घरपरिवारहरूको आफ्नो स्वामित्वमा जग्गा भएको कुरा लक्षित समुह छलफबाट बुझिन आएको छ। जसमा आफ्नो जग्गा अरूलाई कमाउन दिनेहरूको संख्या केहि देखिएको छ भने जग्गा कम हुने वा जग्गा नै नभएका परिवारले अरूको जग्गा कमाउने गरेको देखिन्छ । यस गाउँपालिकामा भु स्वामित्व सम्वन्धी आधिकारीक तथ्यांक प्राप्त गर्नका लागि घरधुरी सर्वेक्षण नै आवश्यक पर्ने भएकाले हाललाई लक्षित समुह छलफल बाट आएको विवरणलाई आधार मानिएको छ।

## परिवारको स्वामित्वमा रहेको जग्गा जमिन सम्वन्धी विवरण

यस बराहताल गाउँपालिकामा रहेका कुल घर परिवार मध्ये लक्षित समूह छलफललाई आधार मान्दा गाउँपालिकाका केहि वडाहरुमा जग्गा नै नहुने परिवारहरुको संख्या तुलनात्मकरुपमा अन्य वडाहरुमा भन्दा केहि बढि देखिएता पनि अधिकांश घरपरिवारको आफ्नै जग्गा जमिन रहेको बुझिन आएको छ । यस सम्बन्धी आधिकारिक विवरण प्राप्त नभएकाले तथ्यांकलाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

## आर्थिक वर्ष २०७२।०७३ को पञ्जिकरणको विवरण

स्वास्थ्य सेवा तथा सुविधाहरूको पहुच अझै आम ग्रामीण क्षेत्रमा बस्ने नागरिकहरूसम्म सर्वसुलभ तरिकाले पुग्न नसकेको अवस्था एकातर्फ रहेको छ भने शिक्षा र जनचेतनाको कमीले गर्दा गाउपालिका तथा वडा कार्यालयहरूमा शिशुहरूको जन्म दर्ता गराउने परिपाटीको पनि विकास भई नसकेको अवस्था छ। आजपनि गाउमा रहेको स्वास्थ्य चौकीमा १ वर्ष भित्रमा कति जना नव शिशुको जन्म भयो भन्ने विवरण स्वास्थ्य चौकीबाट प्राप्त हुन नसकेको अवस्था छ। यस्तै प्रकारले विगत १ वर्षको अवधिमा गाउमा कतिजनाको मृत्यु भयो भनी मृत्युको प्रमाण-पत्र गाउपालिका तथा वडा कार्यालयहरूबाट प्रमाणित गरियो भन्ने कुरा पनि सम्बन्धित कार्यालयबाट प्राप्त हुन नसकेको अवस्था छ । अधिकांश सर्बसाधारणले यसको महत्व नबुझेका कारणले पनि जन्म दर्ता तथा मृत्युदर्ताको अभिलेख पूर्णरूपमा हुन नसकेको हो। यस गाउँपालिकामा आ.व.२०७२ २०७३ उल्लेख भएको पञ्जिकरणको विवरणलाई निम्न अनुसार उल्लख गरिएको छ।

**तालिका४०: गाउँपालिकाको पञ्किरण सम्वन्धि विवरण**

| जन्म | | | मृत्यु | | | बसाइ सराइ | | विवाह | सम्वन्ध विच्छेद | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| म. | पु. | जम्मा | म. | पु. | जम्मा | आएको | गएको | | | जम्मा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८२ | ९५ | १७७ | ४ | १६ | २० | ४५ | २८ | ६५ | ० | ३३५ |
| १३९ | १९३ | ३३२ | ११ | १८ | २९ | ३६ | ४२ | ४० | ० | ४७९ |
| ११२ | ११९ | २३१ | ११ | १८ | २९ | ११२ | ११९ | ७५ | ० | ५६६ |
| १०९ | १०५ | २१४ | ९ | ९ | १८ | १० | १५ | ४४ | ० | ३०१ |
| ८० | ९१ | १७१ | १४ | १३ | २७ | ५१ | ६१ | ४६ | ० | ३५६ |
| **५२२** | **६०३** | **११२५** | **४९** | **७४** | **१२३** | **२५४** | **२६५** | **२७०** | **०** | **२०३७** |

स्रोत : जिल्ला समन्वय समिती २०७३

## १आर्थिक वर्ष २०७२।०७३ मा भएको नागरिकता तथा अन्य सिफारिसहरूको विवरण

यस गाउपालिकाका साविकका गा.वि.स.कार्यालयबाट विभिन्न सिफारिसहरूका लागिसम्पर्क राख्ने प्रचलनको शुरूवात भएको छ । यस गाउपालिकामा विगत १ वर्षमा अर्थात बैशाख २०७३ देखि चैत्र २०७३ सम्ममा जम्मा ९८५सिफारिसहरु यस गाउँपालिका अन्तर्गतका कार्यालयहरुले गरेको तथ्याङ्क प्राप्त भएको छ । माथि उल्लेख गरिए अनुसार विविध शीर्षकहरूमा गरिएको सिफारिसहरूलाई निम्नानुसारले उल्लेख गरिएको छ ।

तालिका४१: **नागरिकता तथा अन्य सिफारिसहरूको विवरण**

| क्र.सं. | विवरण | सिफारिस संख्या |
|---|---|---|
| १. | नागरिकता सिफारिस | ५२५ |
| २. | नाता प्रमाणित | २१० |
| ३ | अन्य सिफारिस | २५० |
| ४ | नक्सापास संख्या | ० |

स्रोत : साविकका गा.वि.स. विवरण २०७४

## जेष्ठ नागरिक तथा एकल महिलाहरूको विवरण

यस गाउपालिका अन्तर्गतका साविकका गा.वि.स.हरूबाट जिल्ला समन्वय समितिमा प्राप्त विरणअनुसार विभिन्न सामाजिक सुरक्षा भत्ता लिन आउनेहरूको विवरण अनुसार रहेको छ । यस गाउँपालिकामा कुल १८३० .रहेकोमा जेष्ठ नागरिक अन्य.४३६ जना,जेष्ठ नागरिक दलित ३७० जना,लोपउन्मुख २११ जना विधवा ३५५ जना र एकल महिला २५९ जना रहेको छ । यस गाउपालिकामा लोपउन्मुख जातिहरूमा विशेषगरि राजी जातिहरूको बसोबास रहेको पाइएको छ जसको विवरणलाइ निम्नानुसारले उल्लेख गरिएको छ ।

**तालिका४२: गाउँपालिकाको जेष्ठनागरिक तथा एकल महिलाहरूको विवरण :**

| वडाहरू | साविकका गा.वि.स. | जेष्ठ नागरिक ( अन्य ) | | | जेष्ठ नागरिक ( दलित ) | | | विधवा | एकल महिला | लोपन्मुख | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म | पु | जम्मा | म | पु | जम्मा | संख्या | संख्या | म | पु | जम्मा | |
| १ , २ | हरिहरपूर | २७ | ५६ | ८३ | १२ | २३ | ३५ | ५६ | ५३ | २५ | ३० | ५५ | २८२ |
| ३ , ४ | तरंगा | ४८ | ६१ | १०९ | ५६ | ४० | ९६ | ६९ | ८३ | ३१ | २३ | ५४ | ४११ |
| ५ , ८ | कूनाथरी | ४८ | ५४ | १०२ | ३९ | ३९ | ७८ | ११७ | २२ | ० | | ० | ३१९ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ , ७ | पोखरीकांडा | २२ | ४० | ६२ | ४५ | ४५ | ९० | ६८ | ४२ | ३१ | ३४ | ६५ | ३२७ |
| ९, १० | लेखगाउं | ४० | ४० | ८० | ४२ | २९ | ७१ | ४५ | ५९ | १२४ | ११२ | २३६ | ४९१ |
| | **जम्मा** | १८५ | २५१ | ४३६ | १९४ | १७६ | ३७० | ३५५ | २५९ | २११ | १९९ | ४१० | १८३० |

स्रोत : जिल्ला समन्वय समिती २०७३

## वडा अनुसार सामाजिक सुरक्षा भत्ता पाउनेहरूको विवरण

यस गाउँपालिकामा रहेका सबै वडाहरूबाट वितरण भएको सामाजिक सुरक्षा भत्तालाई विश्लेषण गर्दा सबैभन्दा बढि वडा नं. ९ र १० तथा वडा नं. ३ र ४ मा क्रमश ३९३ र २७० रहेको छ भने सबैभन्दा कम वडा न १ र २ मा १७६ जना रहेको छ । यस गाउँपालिकाको वडा अनुसारको विवरणलाई तालिकामा देखाइएको छ ।

तालिका४३: **वडाअनुसार सामाजिक सुरक्षा भत्ता पाउनेहरू**

| भत्ताको स्वरूप | लिङ्ग | वडा विवरण | | | | |
|---|---|---|---|---|---|---|
| | | १ र २ | ३ र ४ | ५ र ८ | ६ र ७ | ९ र १० |
| | | हरिहरपुर | तरंगा | कुनाथरी | पोखरीकांडा | पाम्का |
| जेष्ठ नागरिक ( अन्य ) | महिला | २७ | ४८ | ४८ | २२ | ४० |
| | पुरूष | ५६ | ६१ | ५४ | ४० | ४० |
| | जम्मा | ८३ | १०९ | १०२ | ६२ | ८० |
| जेष्ठ नागरिक (दलित ) | महिला | १२ | ५६ | ३९ | ४५ | ४२ |
| | पुरूष | २३ | ४० | ३९ | ४५ | २९ |
| | जम्मा | ३५ | ९६ | ७८ | ९० | ७१ |
| बिधवा भत्ता | महिला | ५६ | ६९ | ६८ | ६८ | ४५ |
| एकल महिला भत्ता | महिला | ५३ | ८३ | २२ | ४२ | ४९ |
| लोप उन्मुख आदिवासी र जनजाती | महिला | २५ | ३९ | ० | ३९ | १२४ |
| | पुरूष | ३० | २३ | ० | ३४ | ११२ |
| | जम्मा | ५५ | ६२ | ० | ७३ | २३६ |
| पुर्ण आपांगता भत्ता | महिला | १ | १ | ४ | १ | २ |
| | पुरूष | १ | ० | ७ | ० | ३ |
| | जम्मा | २ | १ | ११ | १ | ५ |
| आंशिक अपांगता भत्ता | महिला | १ | १ | १ | १ | ० |
| | पुरूष | ० | १ | १ | १ | १ |
| | जम्मा | १ | २ | २ | २ | १ |
| जम्मा सामाजिक सुराक्षा भत्ता प्राप्त गर्नेहरू | महिला | १७५ | २९७ | १८२ | २१८ | ३०२ |
| | पुरूष | ११० | १२५ | १०१ | १२० | १८५ |
| | जम्मा | १७६ | २७० | १९३ | २२८ | ३९३ |

स्रोत : जिल्ला समन्वय समिती २०७३

## वार्षिक कार्यक्रमबाट लक्षित कार्यक्रमतर्फ भएको विनियोजन तथा खर्चको अवस्था

यस गाउँपालिकामा रहेका सबै वडाहरूमा नेपाल सरकारको नियम अनुसारका लक्षित समुदायका लागि विशेष

बजेटका व्यवस्था गरे अनुरूप यस गाउँपालिका अन्तर्गतका साविकका गा.वि.स.हरूले नेपाल सरकारको विद्यमान नीति र निर्देशिका अनुसार वार्षिक कार्यक्रमबाट लक्षित वर्गक लागि आवश्यक वजेट विनियोजन गरि खर्च गर्ने गरेको लक्षित समूह छलफल र गा.वि.स.का प्रतिवेदनहरुबाट देखिन आएको छ ।

## बराहताल गाउँपालिकाका शैक्षिक संस्थाहरूको विवरण

यस गाउँपालिकाको समग्र शैक्षिक अवस्थालाई उकास्नका लागि विभिन्न शैक्षिक सेवाहरू प्रवाह गर्नका लागि स्थापना भएका शैक्षिक संस्थाहरू कुल ६२ रहेका छन् । यस गाउँपालिकामा रहेका शैक्षिक संस्थाहरूको विवरणलाई निम्नअनुसार उल्लेख गरिएको छ ।

तालिका४४: शैक्षिक संस्थाहरूको विवरण

| विवरण | सरकारी | सामुदायिक | निजि | कुल |
|---|---|---|---|---|
| प्रा.वि | ३६ | | ४ | ४० |
| नि.मा.वि | ११ | | ० | ११ |
| मा.वि | ९ | | ० | ९ |
| वेद विद्याश्रम | ० | | ० | ० |
| मदराशा | ० | | ० | ० |
| | प्राविधिक शिक्षालय | १ | | १ |
| | तालिम केन्द्र | ० | | ० |
| अन्य | सामुदायिक अध्ययन केन्द्र | १ | | १ |
| | जम्मा | ३ | ४ | ६२ |

स्रोत : जिल्ला समन्वय समिती २०७३

## विश्वविद्यालय तथा क्याम्पसहरु

यस गाउँपालिकाको हालको शैक्षिक अवस्थालाई उकास्नका लागि स्थानीय तहमा कलेजहरूको स्थापना नभएतापनि विभिन्न उच्च स्तरका शैक्षिक संस्थाहरूमा साविकका उच्च मा.वि हाल मा.वि.को रूपमा नै संचालन भएका छन् । यस गाउँपालिकामा क्याम्पसहरू भने छैनन् । यस गाउँपालिकाका नागरिकहरूले नजिकै रहेको मध्यपश्चिमाञ्चल विश्वविद्यालय र अन्य क्याम्पसहरूमा गई आफ्नो उच्च शिक्षा प्राप्त गर्ने गरेको देखिन्छ ।

## पाँच बर्ष र सो भन्दा माथिकाको साक्षरताको आधारमा जनसंख्याको बिवरण

यस गाउँपालिकाको हालको शैक्षिक अवस्थालाई विश्लेषण गर्दा शैक्षिक विकास र चेतना अभिवृद्धिको कारण निरक्षर भन्दा साक्षर मानिसहरूको संख्या धेरै रहेको छ । हाल यो गाउँपालिकामा निरक्षरको संख्या करिव ६००० देखिएता पनि पछिल्लो समयमा साक्षरता अभियानले निरक्षरताको संख्यामा निकै कमि आएको छ । गाउँको कूल १५ बर्ष माथिको जनसंख्या मध्ये साक्षर जनसंख्या र निरक्षर जनसंख्यासम्बन्धी विस्तृत विवरण निम्नानुसार तालिकाहरूमा वडागत रूपमा प्रस्तुत गरिएको छ ।

तालिका४५: पाँच बर्ष र सो भन्दा माथिकाको साक्षरताको विवरण :

| वडा नं. | गाउँको नाम | लिङ्ग | ५ बर्ष र सोभन्दा माथिको साक्षरताको अनुसारको जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ५ बर्ष र सोभन्द माथिको जनसंख्या | लेख्न पढ्न सक्ने | पढ्नमात्र सक्ने | पढ्न लेख्न नसक्ने | उल्लेख नभएको | साक्षरता दर |
| १ , २ | हरिहरपुर | दुबै | ३९९१ | २६२३ | २०६ | ११५९ | ३ | ६५.७२ |
| | | पुरूष | १८८८ | १४१२ | ९६ | ३९७ | १ | ७४.७९ |
| | | महिला | २१०३ | १२११ | ११० | ७८० | २ | ५७.५८ |
| ३, ४ | तरंगा | दुबै | ४५०२ | २८९७ | ९८१ | ५०७ | ० | ६४.३५ |
| | | पुरूष | २२१२ | १६६० | ४० | ५१२ | ० | ७५.०५ |
| | | महिला | २२९० | १२३७ | ५८ | ९९५ | ० | ५४.०२ |
| ५, ८ | कुनाथरी | दुबै | ६६९० | ४६४८ | ३९२ | १६४७ | ३ | ६९.४८ |
| | | पुरूष | ३१७१ | २५३४ | १३५ | ५०१ | १ | ७९.९१ |
| | | महिला | ३५१९ | २११४ | २५७ | ११४६ | २ | ६०.०७ |
| ६, ७ | पोखरीकाडा | दुबै | ४१९८ | २३१२ | २८५ | १५९६ | ५ | ५५.०७ |
| | | पुरूष | २०८० | १३२८ | १२२ | ६२८ | २ | ६३.८५ |
| | | महिला | २२२४ | १४७२ | १०० | ६५० | २ | ६६.१९ |
| ९ १० | लेखगाँउ | दुबै | ४२५३ | ३०७६ | १७४ | १००० | ३ | ७२.३३ |
| | | पुरूष | २०२९ | १६०४ | ७४ | ३५० | १ | ७९.०५ |
| | | महिला | २२२४ | १४७२ | १०० | ६५० | २ | ६६.१९ |
| जम्मा | | | २३६३४ | १५५५६ | २०३८ | ५९०९ | १४ | ७४.७१ |

स्रोत : जिल्ला शिक्षा कार्यालय सुर्खेत २०७३